# आर्थिक रुपले विपन्न विरामी नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७

**प्रस्तावनाः** आर्थिक रुपले विपन्न विरामी नागरिक औषधी उपचार आर्थिक सहायता निर्देशिका, २०७६ लाई संशोधन गर्न वाञ्छनिय भएकाले, सुदुरपश्चिम प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "आर्थिक रुपले विपन्न विरामी नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक रुपले विपन्न विरामी नागरिक औषधी उपचार आर्थिक सहायता निर्देशिका, २०७६ को प्रस्तावनामा संशोधनः** "आर्थिक रुपले विपन्न विरामी नागरिक औषधी उपचार आर्थिक सहायता निर्देशिका, २०७६" (यसपछि "मूल निर्देशिका" भनिएको) को प्रस्तावनाको पहिलो हरफमा रहेको कडा रोगको सट्टा कडा तथा अन्य गम्भीर रोग भन्ने शब्दावली राखिएको छ।

३. **मूल निर्देशिकाको दफा २ को खण्ड (ग) मा संशोधनः** (१) मूल निर्देशिकाको दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड(ग) राखिएको छ:-

(ग) "कडा रोग" भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, हेड इन्जुरी, स्पाईनल ईन्जुरी र सिकलसेल एनिमिया रोगहरु सम्झनुपर्छ।

४. **मूल निर्देशिकाको दफा २ मा खण्ड (ग१) थपः** मूल निर्देशिकाको दफा २ को खण्ड (ग) पश्चात देहायको खण्ड (ग१) थप गरिएको छः

(ग१) "अन्य गम्भीर रोग" भन्नाले थालसेमिया, क्रोनिक लिभर डिजिज, मस्तिष्कघात, जटिल किसिमको वर्न(जलेको) तथा एसिड प्रहारका कारण जटिल तथा गम्भीर अवस्था भई बिशेष उपचार गरी ज्यान बचाउनुपर्ने अवस्था भएको भनी चिकित्सकबाट सिफारिस भएको रोगलाई सम्झनुपर्छ।

५. **मूल निर्देशिकाको दफा ३ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) मा संशोधनः** मूल निर्देशिकाको दफा ३ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएको छ:-

(क) कडा तथा अन्य गम्भीर रोग लागेका बिरामी नागरिक वा निजका एकाघर सगोलका व्यक्तिले औषधी उपचार आर्थिक सहायताका लागि सम्बन्धित रोग खुल्ने (निदान) र उपचारसँग सम्बन्धित कागजात संलग्न गरी अनुसूची २ बमोजिमको फाराम समेत भरी पेश गरेको निवेदन संकलन गर्ने।

(ख) खण्ड (क) बमोजिम प्राप्त निवेदनउपर जाँचबुँझ गरी आर्थिक सहायताका लागि मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

(ग) समितिले खण्ड (ख) बमोजिम गर्ने सिफारिससाथ अनुसूची -२ बमोजिमको फारामको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी मन्त्रालयमा पठाउनुपर्नेछ।

६. **मूल निर्देशिकाको दफा ४ मा संशोधनः** मूल निर्देशिकाको दफा ४ मा रहेको कडा रोगको सट्टा कडा तथा अन्य गम्भीर रोग भन्ने शब्दावली राखिएको छ।

७. **मूल निर्देशिकाको दफा ४ को खण्ड (क) र (ख) मा संशोधनः** मूल निर्देशिकाको दफा ४ को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड(क) र (ख) राखिएको छ:-

**(क)** कडा तथा अन्य गम्भीर रोग लागी निरन्तर उपचार गराउनुपर्ने बिरामीले पेश गरेको निवेदनका सम्बन्धमा दफा ४क बमोजिमको समितिको सिफारिसको आधारमा औचित्यता हेरी मन्त्रालयको मन्त्रिस्तरिय निर्णयबाट बढीमा पचास हजार रुपैयासम्म,

**(ख)** कडा तथा अन्य गम्भीर रोग लागी निरन्तर उपचार गराउनुपर्ने बिरामीले पेश गरेको निवेदनका सम्बन्धमा दफा ४क बमोजिमको समितिले गरेको सिफारिसबमोजिम मन्त्रालयको सिफारिसका आधारमा औचित्यता हेरी मुख्यमन्त्रीस्तरिय निर्णयबाट बढीमा एकलाख रुपैयासम्म,

८. **मूल निर्देशिकाको दफा ४ मा खण्ड (ग) थपः** मूल निर्देशिकाको दफा ४ को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ:-

**(ग)** खण्ड (क) र (ख) मा उल्लेखित अवस्था बाहेक बिशेष र गम्भीर परिस्थिति सिर्जना भई रु. एक लाखभन्दा बढी आर्थिक सहायता प्रदान गर्नुपर्ने अवस्था देखिएमा दफा ४क बमोजिमको समितिको सिफारिसका आधारमा मन्त्रालयले पेश गरेको प्रस्तावमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार हुनेछ।

९. **मूल निर्देशिकामा दफा ४ क थपः** मूल निर्देशिकाको दफा ४ पछि देहायको दफा ४ क थपिएको छ:-

**४क.** <u>**कागजात जाँचबुँझ तथा सिफारिस समितिः**</u> (१) निवेदनसाथ प्राप्त हुन आएका अनुसूची -३ बमोजिमका कागजातको जाँचबुझ र सिफारिसका लागि देहाय बमोजिमको कागजात जाँचबुँझ तथा सिफारिस समिति रहनेछ।

**(क)** प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा - संयोजक

**(ख)** कानून अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

**(ग)** शाखा अधिकृत , आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

**(घ)** स्वास्थ्य सेवाको अधिकृतस्तरको कर्मचारी, (नीति,कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुखले जिम्मेवारी तोकेको) - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले मेडिकल सम्बन्धी थप जाँचबुझ गर्न विशेषज्ञ चिकित्सकको राय परामर्शका लागि सरकारी अस्पतालबाट सम्बन्धित विशेषज्ञ चिकित्सकलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले निवेदनसाथ पेश हुन आएका कागजातहरुको जाँचबुँझ गरी रितपूर्वक भएमा आर्थिक विपन्नता र रोगको जटिलताका आधारमा आर्थिक सहायता रकम प्रदान गर्नका लागि मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमका समितिका पदाधिकारीहरुले बैठक बसेवापत नियमानुसारको बैठकभत्ता पाउनेछन ।

**१०.** <u>**मूल निर्देशिकाको दफा ५ को खण्ड (क), (ख), (ग) र (घ) मा संशोधनः**</u> मूल निर्देशिकाको दफा ५ को खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायको खण्ड (क), (ख), (ग) र (घ) राखिएको छः-

(क) कडा तथा अन्य गम्भीर रोग लागेका आर्थिक रुपले विपन्न नागरिकले अनुसूची-३ बमोजिमको कागजातहरु संलग्न राखी आर्थिक सहायताका लागि मन्त्रालयसमक्ष निवेदन दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम निवेदन र कागजात प्राप्त भएपश्चात उक्त कागजातहरु जाँचबुझ र र सिफारिस गर्ने प्रयोजनका लागि दफा ४क बमोजिमको समितिसमक्ष पेश गर्नुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम कागजात प्राप्त भएपश्चात दफा ४क बमोजिमको समितिले कागजातको मूल्यांकन गरी रितपूर्वक देखिएमा बिरामीको आर्थिक पक्ष र रोगको जटिलता तथा उपचारको औचित्यताको मूल्यांकन गरी आर्थिक सहायताको लागि मन्त्रालयसमक्ष सिफारिस गर्नुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम सिफारिस गर्दा समितिले बिरामीको आर्थिक विपन्नता र रोगको जटिलताका आधारमा दफा ४ बमोजिमको प्रावधान बमोजिम रकमको अधिकतम सिमाभित्र रही रकम निर्धारण गरी मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ ।

**११.** मूल निर्देशिकाको दफा ५ को खण्ड (ङ) को व्यवस्था झिकिएको छ ।

**१२.** <u>**मूल निर्देशिकाको दफा ५ को खण्ड (च) मा संशोधनः**</u> मूल निर्देशिकाको दफा ५ को खण्ड (च) को सट्टा देहायको खण्ड(च) राखिएको छः-

(च) दफा ४ बमोजिम निर्णय भएको रकम मन्त्रालयले सम्बन्धित व्यक्तिलाई बैंक चेकमार्फत भुक्तानी गर्नेछ,

**१३.** <u>**मूल निर्देशिकाको दफा ५ मा खण्ड (ज) थपः**</u> मूल निर्देशिकाको दफा ५ को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

(ज) खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि कडा तथा अन्य गम्भीर रोग लागेको व्यक्ति सिकिस्त बिरामी भई बैंक कारोवार गर्न नसक्ने अवस्था भएमा निजले आफ्नो एकाघरको व्यक्ति वा संरक्षकलाई मन्जुरीनामा दिई निजको खातामा रकम जम्मा गरिदिन मन्त्रालयलाई अनुरोध गर्नसक्नेछ,

**१४.** <u>**मूल निर्देशिकाको दफा ६ को खण्ड (क) मा संशोधनः**</u> मूल निर्देशिकाको दफा ६ को खण्ड (क) को सट्टा देहायको खण्ड(क) राखिएको छः-

(क) उपचारका लागि सिफारिस भई आएका आर्थिक रुपले विपन्न बिरामी नागरिकको अभिलेख (विधुतीय प्रविधिबाट समेत) छुट्टाछुट्टै फायल खडा गरी राख्ने,

**१५.** <u>**मूल निर्देशिकाको दफा ६ को खण्ड (ख), (ग) र (घ) मा संशोधनः**</u> मूल निर्देशिकाको दफा ६ को खण्ड (ख), (ग) र (घ) मा रहेको कडा रोग भन्ने शब्दावलीको सट्टा कडा तथा अन्य गम्भीर रोग भन्ने शब्दावली राखिएको छ ।

**१६.** <u>**मूल निर्देशिकाको दफा ८ को उपदफा (२) मा संशोधनः**</u> मूल निर्देशिकाको दफा ८ को उपदफा (२) मा रहेको कडा रोग भन्ने शब्दावलीको सट्टा कडा तथा अन्य गम्भीर रोग भन्ने शब्दावली राखिएको छ ।

१७. **<u>मूल निर्देशिकाको दफा ११ को उपदफा (१) मा संशोधनः</u>** मूल निर्देशिकाको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा(१) राखिएको छ:-

(१) आर्थिक रुपले विपन्न नागरिको उपचारको नाममा झुट्ठा विवरण पेश गरी आर्थिक सहायता रकम लिएको ठहरेमा झुट्ठा विवरण पेश गरी रकम प्राप्त गर्ने निवेदकबाट उक्त रकम असुलउपर गरी सम्बन्धित झुठ्ठा कागज प्रमाण बनाउने पदाधिकारीलाई आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाईनेछ।

**१८.** मूल निर्देशिकाको अनुसूची १ को सि.नं १६मा नेपाल मेडिकल कलेज, जोरपाटी, काठमाण्डौ, सि.नं १८मा लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल र सि.नं १९ मा सेती प्रादेशिक अस्पताल कायम रहने गरी संशोधन गरिएको छ।

**१९.** मूल निर्देशिकाको अनुसूची १ मा सि.नं ५४ पछि देहायको सि.नं ५५ थप गरिएको छ:-

५५. सहित गंगालाल राष्ट्रिय हृदयकेन्द्र बाँसबारी, काठमाण्डौ

**२०.** मूल निर्देशिकाको अनुसूची ३ को अन्तिम बुँदा पछि अनुसूची- २ बमोजिमको फारामको प्रमाणित प्रतिलिपि भन्ने बुँदा थपिएको छ।